# एसियाली विकास बैंक सदस्य तथ्याङ्क पुस्तिका



**एसियाली विकास बैंक (एडिबी) को नेपालका लागि राष्ट्रिय साझेदारी रणनीतिले मानव पुँजी सिर्जना गर्दै नेपालको ऊर्जा, यातायात र सहरी सुविधामा रहेका पूर्वाधारका अवरोधहरूलाई सम्बोधन गर्दछ।**

# नेपाल

नेपालले हालैका वर्षहरूमा उल्लेख्य सामाजिक आर्थिक प्रगति गरेको छ। साक्षरता दर बढेको छ, गरिबीको दर घटेको छ र लैङ्गिक विभेद कम हुँदै गएको छ। नेपाल अहिले सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरू हासिल गर्न र मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुन प्रयासरत छ।

२०७४ (सन् २०१७) मा भएको स्थानीय निर्वाचन, इतिहासमा नै पहिलो पटक भएका प्रदेश सभा तथा सङ्घीय संसद्का निर्वाचन २०७२ को नेपालको संविधानले परिकल्पना गरे अनुसारको सङ्घीयतातर्फको सङ्क्रमणमा महत्वपूर्ण पाइला बनेका छन्।

सन् १९६६ यता एसियाली विकास बैंक (एडिबी) ले नेपालका लागि कुल ५.२३ बिलियन डलर सहायता स्वीकृत गरेको छ। नेपालमा एडिबीका चालु ३४ आयोजना र कार्यक्रमहरूमा अहिलेको लगानी २.३ बिलियन डलर रहेको छ। सन् २०१७ मा एडिबीले ६.७५ मिलियन डलरका नौ वटा प्राविधिक सहायताका आयोजनाहरू स्वीकृत गरेको छ।

सामान्य पुँजी स्रोत, एसियाली विकास कोष र अन्य विशेष कोष (प्राविधिक सहायता र एडिबीको सञ्चालनको सहवित्तीय लगानीबाहेक) बाट नेपालका लागि लगानी गरिएको ऋण र अनुदानको कुल खर्च ३.३३ बिलियन डलर पुगेको छ।

## एडिबीको सहयोगका आयोजना र कार्यक्रमहरू

नेपाल सरकार र अन्य सरोकारवालाहरूसँगको सहकार्यमा एडिबीले विपन्न कृषक, सीमान्तकृत महिला र सामाजिक रूपमा बहिष्करणमा पारिएका दलित तथा अन्य आदिवासी जनजाति समुदायको गरिबी न्यूनीकरण र आम्दानी बढाउन सहयोग गरेको छ।

सुधारिएको उत्पादन, प्रसारण र वितरण प्रणालीमार्फत नेपालको चरम ऊर्जा सङ्कटलाई सम्बोधन गर्नु एडिबीको मुख्य प्राथमिकता रहेको छ। एडिबीले नेपाल विद्युत् प्राधिकरणको वित्तीय पुनर्संरचना र क्षेत्रीय ऊर्जा व्यापार जस्ता ऊर्जा क्षेत्रका सुधार कार्यमा पनि सहयोग प्रदान गरिरहेको छ। ६६.६५ मिलियन डलरको चालु विद्युत् प्रसारण विस्तार तथा आपूर्ति सुधार आयोजनाले

### नेपाल : २०१७ स्वीकृत ऋण, अनुदान, र प्राविधिक सहायता (मिलियन डलर)

| ऋण | | | | |
|---|---|---|---|---|
| पूर्ण स्वामित्वको | गैर पूर्ण स्वामित्वको | प्राविधिक सहायता | अनुदान | कुल |
| ५०९.८५ | - | ६.७५ | ३०.०० | ५४६.६० |

- = शून्य

नोटः स्वीकृत लगानीमा एडिबी सञ्चालक समिति वा व्यवस्थापनबाट स्वीकृत लगानी पर्दछ, जसको सम्झौतामा ऋणी, प्राप्तकर्ता वा लगानी गरिएको कम्पनी र एडिबीको हस्ताक्षर भएको हुन्छ।

अनुदान र प्राविधिक सहायतामा एडिबीद्वारा सञ्चालित सहवित्तीय लगानी पर्दछ।

### नेपाल : सञ्चित लगानी, ऋण र प्राविधिक सहायता स्वीकृति [क,ख,ग]

| क्षेत्र | सङ्ख्या | कुल रकम (मिलियन डलर)[घ] | %[घ] |
|---|---|---|---|
| कृषि, प्राकृतिक स्रोत र ग्रामीण विकास | १७६ | १,०८६.५९ | १८.९९ |
| शिक्षा | ५१ | ७४३.५२ | १२.९९ |
| ऊर्जा | ६८ | १,१९३.४८ | २०.८६ |
| वित्तीय | ३५ | २५२.९३ | ४.४२ |
| स्वास्थ्य | १० | ८.७६ | ०.१५ |
| उद्योग र व्यापार | २९ | १८५.५८ | ३.२४ |
| सूचना र सञ्चार प्रविधि | २ | ३४.०० | ०.५९ |
| बहुक्षेत्र | ६ | १२.७२ | ०.२२ |
| सार्वजनिक क्षेत्र व्यवस्थापन | ५७ | २३९.७८ | ४.१९ |
| यातायात | ६३ | ९७८.१७ | १७.१० |
| खानेपानी तथा अन्य सहरी पूर्वाधार र सेवा | ५६ | ९८६.०७ | १७.२३ |
| **कुल** | **५५३** | **५,७२१.६१** | **१००.००** |

[क] अनुदान र प्राविधिक सहायतामा एडिबीको सञ्चालनको सहवित्त समावेश
[ख] पूर्ण स्वामित्व र गैरपूर्ण स्वामित्वका ऋण तथा प्राविधिक सहायता समावेश
[ग] स्वीकृतिको प्रतिवेदनमा प्राथमिक क्षेत्रको प्रयोग गरेर
[घ] राउन्डिङ गरिएकोले कुल योगफलमा सामान्य फरक पर्न सक्छ।

### नेपाल : उत्पादन अनुसारको गैर पूर्ण स्वामित्वको सामान्य पुँजी स्रोत, सन् २००७–२०१७

| | |
|---|---|
| हस्ताक्षर भएको कारोबार सङ्ख्या | ० |
| | **रकम** (मिलियन डलर) |
| ऋण | - |
| सेयर लगानी | - |
| सुरक्षण | - |
| **कुल** | - |

- = शून्य

ऊर्जा आपूर्तिमा विश्वसनीयता बढाउने र अन्तरदेशीय व्यापारका लागि आवश्यक प्रसारण लाइनको पूर्वाधार सुदृढीकरण गर्ने लक्ष्य लिएको छ ।

यातायातको क्षेत्रमा एडिबीले नेपालको आन्तरिक तथा क्षेत्रीय सञ्जालको सुदृढीकरणमा सहयोग गरिरहेको छ । यसले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल लगायत मुख्य विमानस्थलहरूको स्तरोन्नति गर्न सहयोग गरिरहेको छ । एडिबीका कार्यक्रमहरूले गाउँ, नगर तथा सहरहरूमा प्रमुख सडकहरूको निर्माण, मर्मत वा स्तरोन्नतिमार्फत बजार तथा सामाजिक सेवामा पहुँच बढाउन पनि सहयोग गरेका छन् ।

एडिबी सन् २०१८ मा निर्माण पुरा हुन लागेको मेलम्ची खानेपानी आयोजनाको महत्वपूर्ण लगानीकर्ता रहदैं आएको छ । यस आयोजना र यसैका वितरण आयोजनाहरूले काठमाडौंको खानेपानी अभाव पूर्ति गर्न उपत्यकामा दैनिक थप १७ करोड लिटर खानेपानी आपूर्ति गर्नेछन् । यसैबीच, एडिबीले ग्रामीण क्षेत्रबाट मानिसहरू बसाइँ सरी बन्न लागेका नयाँ नगरहरूमा एकीकृत सहरी पूर्वाधार र सेवामा लगानी गरिरहेको छ ।

उच्च मूल्यका बाली विविधीकरणमा नेपालका २० जिल्लाका किसानलाई सहायता पुऱ्याउन एडिबीले दुई वटा आयोजनामा सहयोग गरिरहेको छ । ती दुई आयोजनाहरूमा २०.१ मिलियन डलरको साना तथा मझौला किसानको आय वृद्धि आयोजना र २० मिलियन डलरको उच्च पहाडी कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना रहेका छन् । अनुदान सहायताका दुई वटै आयोजनाले साना र मझौला किसानलाई निर्वाहमुखी कृषिबाट उकास्दै कृषिको व्यावसायीकरण गर्न प्रोत्साहित गर्दछन् ।

देशभर नै गुणस्तरीय शिक्षामा पहुँच विस्तार गर्दै सक्षम मानव पुँजी निर्माणका लागि शिक्षा सम्बन्धी सरकारका प्रमुख प्रयासमा एडिबीले आव सन् २०१७ देखि २०२३ सम्म सहयोग गर्नेछ ।

२०७२ वैशाख (सन् २०१५) का विनाशकारी भूकम्पपछि एडिबीले २०० मिलियन डलरको भूकम्प आपत्कालीन सहायता आयोजनासमेत गरी तत्कालीन राहत र पुनःनिर्माणको सहायताका लागि कुल २६८ मिलियन डलरको सहायतामा प्रतिबद्धता जनायो । यस आयोजनाले विद्यालय तथा प्रमुख जिल्लाका सडकहरूको निर्माण, भूकम्प प्रतिरोधी हुने गरी सरकारी भवनहरूको प्रवलीकरण र समुदायमा विपद्को पूर्वतयारीका लागि सहयोग गरिरहेको छ ।

## गैर पूर्ण स्वामित्वका आयोजनाहरू

निजी क्षेत्रको लगानीका लागि उत्प्रेरकका रूपमा एडिबीले गैरपूर्ण स्वामित्वका सार्वजनिक क्षेत्र र निजी क्षेत्रका आयोजनाहरूलाई प्रत्यक्ष ऋण, सेयर लगानी, सुरक्षण, 'ख' वर्गको ऋण र व्यापार लगानीका रूपमा प्रत्यक्ष आर्थिक सहायता प्रदान गर्दछ । सन् २०१७ मा एडिबीको आफ्नै स्रोतबाट लगानी गरिएका ३.१७ बिलियन डलरका गैरपूर्ण स्वामित्वका २९ कारोबार स्वीकृत भएका थिए । सन् २०१७ मा कुल प्रतिबद्धता २७ कारोबारका लागि कुल २.२९ डलरको रह्यो । सामान्य पुँजी स्रोतको स्वीकृति र प्रतिवद्धता दुवै नै सन् २०१७ मा हालसम्मकै उच्च रह्यो । करिब ५.९ बिलियन डलरको सहवित्त वाणिज्य बैंकहरू तथा औपचारिक स्रोतहरूबाट परिचालन गरिएको थियो । सन् २०१७ डिसेम्बर ३१ सम्मको कुल स्वीकृत ऋण र एडिबीको गैर पूर्ण स्वामित्वको प्रतिबद्धता १०.९ बिलियन डलर पुगेको छ ।

एडिबीको व्यापारमा लगानी कार्यक्रम (टीएफपी) ले साझेदार बैंकहरूमार्फत सुरक्षण र ऋण उपलब्ध गराउँदै व्यापार लगानी बजारको अभाव आपूर्तिमा सहयोग पुऱ्याउँछ । सन् २००९ यता टीएफपीले एसिया तथा प्रशान्त क्षेत्रका १२ हजार साना तथा मध्यम आकारका उद्यमको संलग्नतामा १६ हजार पाँच सयभन्दा बढी कारोबारमा ३० बिलियन डलर व्यापार सहायता उपलब्ध गराएको छ । त्यस्तो सहायता वस्तु तथा

### नेपाल : आयोजना सफलता दर

| वर्ष | सफलता दर (%) | स्वतन्त्ररुपमा मूल्याङ्कन गरिएका आयोजना तथा कार्यक्रमको सङ्ख्या |
|---|---|---|
| २००७ | १००.०० | १ |
| २००९ | ५०.०० | ४ |
| २०१० | १००.०० | १ |
| २०११ | ५०.०० | २ |
| २०१२ | १००.०० | २ |
| २०१३ | ६६.७ | ३ |
| २०१४ | १००.० | १ |
| २०१५ | १००.० | २ |
| २०१६ | १००.० | २ |
| २०१७ | ६६.७ | ३ |
| **कुल** | **७६.२** | **२१** |

नोट : 'वर्ष' भन्नाले चालु आर्थिक वर्षमा आयोजना पुरा भएको प्रतिवेदनलाई बुझाउँछ ।
अघिल्ला वर्षहरूको तथ्याङ्क पत्रको तुलनासहित यहाँ उल्लेख गरिएको सफलता दर आयोजना प्रतिवेदन पुरा भएको प्रतिवेदन र स्वतन्त्र रूपमा गरिएको कार्यसम्पादन प्रतिवेदनमा मात्र आधारित छ, र स्व–मूल्याङ्कन समावेश छैन ।
सानो आकारको नमुना लिइएका कारण सफलता दरले देशकै कार्यसञ्चालनको कार्यसम्पादनको प्रतिनिधित्व गर्दैन ।

स्रोत : सन् २०१७ डिसेम्बर ३१ सम्मको आयोजना समाप्ति प्रतिवेदन र आयोजना/कार्यक्रम कार्यसम्पादन प्रतिवेदनको सफलता दरको तथ्याङ्क ।

### नेपाल : पूर्ण स्वामित्वका कर्जाका लागि कार्यक्रम कार्य-सम्पादन गुणस्तर परिसूचकहरू, सन् २०१६-२०१७

| | | |
|---|---|---|
| चालु ऋणको सङ्ख्या[क] (सन् २०१७ डिसेम्बर ३१ सम्म) | | २८ |
| | **सन् २०१६** (मिलियन डलर) | **सन् २०१७** (मिलियन डलर) |
| सम्झौता भएको/प्रतिवद्धता[ख,ग] | २८३.७७ | ३६६.३७ |
| वितरण[ख] | १५४.०६ | २३८.६८ |
| चालू अनुदानको सङ्ख्या[क] (सन् २०१७ डिसेम्बर ३१ सम्ममा) | | १८ |
| | **सन् २०१६** (मिलियन डलर) | **सन् २०१७** (मिलियन डलर) |
| सम्झौता भएको[ख,ग] | ४९.६७ | ३१.३९ |
| वितरण[ख,घ] | ४७.४४ | ३६.७६ |
| जोखिममा रहेका आयोजनाहरूको वास्तविक प्रतिशत (सन् २०१७ डिसेम्बर ३१) | | - |

- = शून्य

[क] प्रतिवद्धतामा आधारित ।
[ख] वर्षभरिमा सम्झौता वा वितरण गरिएका बन्द भएका ऋणहरू समावेश भएको ।
[ग] नीतिमा आधारित कर्जा/अनुदानहरू समावेश नभएको ।
[घ] एसियाली विकास कोष र अन्य एडीबी विशेष कोषहरू मात्र समावेश भएको ।

### नेपाल : सहवित्तीय आयोजना, सन् २०१३ जनवरी १ देखि सन् २०१७ डिसेम्बर ३१ सम्म

| सहवित्तीय लगानी | आयोजनाहरुको सङ्ख्या | रकम (मिलियन डलर) |
|---|---|---|
| आयोजना[क] | १४ | १,०९१.२७ |
| अनुदान | १० | ३२३.९७ |
| सरकारी ऋण | ७ | ७६७.३० |
| व्यापारिक सहवित्तीय लगानी | १ | ४.५७ |
| प्राविधिक सहायता अनुदान | १२ | १५.०५ |

[क] एउटाभन्दा बढी स्रोतहरूबाट सहवित्तीय लगानी भएका आयोजनालाई एउटा मानिएको ।

### नेपाल : ऋण, अनुदान र प्राविधिक सहायताका आयोजनाका लागि खरिद सम्झौताको हिस्सा

| | २०१६ | | २०१७ | | कुल (३१ डिसेम्बर २०१७ सम्म) | |
|---|---|---|---|---|---|---|
| वस्तु | रकम (मिलियन डलर) | कुलको प्रतिशत | रकम (मिलियन डलर) | कुलको प्रतिशत | रकम (मिलियन डलर) | कुलको प्रतिशत |
| सामान, काम र सम्बन्धित सेवाहरू | १४६.९७ | १.३० | २१०.३४ | २.०२ | २,०३२.४० | १.२० |
| परामर्श सेवा | १५.५८ | २.४८ | १३.०२ | १.७६ | १७०.४२ | १.४२ |
| **कुल खरिद** | **१६२.५४** | **१.३७** | **२२३.३६** | **२.००** | **२,२०२.८२** | **१.२२** |

### एडिबी ऋण तथा अनुदान आयोजना अन्तर्गत वस्तु, काम र सम्बद्ध सेवामा संलग्न उत्कृष्ट पाँच नेपाली ठेकेदार/आपूर्तिकर्ता, २०१३ जनवरी १-२०१७ डिसेम्बर ३१ सम्म

| ठेकेदार / आपूर्तिकर्ता | क्षेत्र | करार रकम (मिलियन अमेरिकी डलर) |
|---|---|---|
| स्वच्छन्द निर्माण सेवा प्रा.लि. | शिक्षा, यातायात | ४१.७१ |
| कालिका कन्स्ट्रक्सन प्रा. लि. | कृषि, प्राकृतिक स्रोत र ग्रामीण विकास, यातायात, खानेपानी र अन्य सहरी पूर्वाधार तथा सेवा | २२.८६ |
| लामा ट्रक्सन कम्पनी प्रा. लि. | शिक्षा, यातायात, खानेपानी र अन्य सहरी पूर्वाधार तथा सेवा | २१.६५ |
| लुम्बिनी बिल्डर्स प्रा. लि. | शिक्षा, यातायात, खानेपानी र अन्य सहरी पूर्वाधार तथा सेवा | २३.६३ |
| शर्मा एन्ड कम्पनी प्रा. लि. | शिक्षा, यातायात, खानेपानी र अन्य सहरी पूर्वाधार तथा सेवा | १६.०६ |
| अन्य | | ४६१.६२ |
| **कुल** | | **५८७.५३** |

### एडिबी ऋण, अनुदान तथा प्राविधिक सहायताका आयोजना अन्तर्गत परामर्श सेवामा संलग्न उत्कृष्ट पाँच नेपाली परामर्शदाता, २०१३ जनवरी १-२०१७ डिसेम्बर ३१ सम्म

| परामर्शदाता | क्षेत्र | करार रकम (मिलियन डलर) |
|---|---|---|
| बिल्डिङ डिजाइन अथोरिटी प्रा. लि. | कृषि, प्राकृतिक स्रोत र ग्रामीण विकास, सार्वजनिक क्षेत्र व्यवस्थापन, खानेपानी र अन्य सहरी पूर्वाधार तथा सेवा | ९.२० |
| इन्भायोर्नमेन्ट एन्ड रिसोर्स म्यानेज्मेन्ट कन्सल्टेन्ट प्रा. लि. | कृषि, प्राकृतिक स्रोत र ग्रामीण विकास, शिक्षा, यातायात, खानेपानी र अन्य सहरी पूर्वाधार तथा सेवा | ७.७९ |
| ट्रेनिङ सेन्टर नेपाल प्रा. लि. | शिक्षा, यातायात | ३.७८ |
| ताएक कन्सल्ट एन्ड सिल्ट कन्सल्ट; टेक स्टुडियो (संयुक्त) | शिक्षा, खानेपानी र अन्य सहरी पूर्वाधार तथा सेवा | ३.३८ |
| फुलब्राइट कन्सल्टेन्सी प्रा. लि. र सीएमएस (संयुक्त) | कृषि, प्राकृतिक स्रोत र ग्रामीण विकास | २.८८ |
| व्यक्तिगत परामर्शदाता | | १५.२६ |
| अन्य | | २४.९७ |
| **कुल** | | **६७.२६** |

पुँजीगत वस्तुदेखि औषधि आपूर्ति र उपभोग्य वस्तुसम्मका विस्तृत क्षेत्रका छन्। सन् २०१७ मा टीएफपीले व्यापारका झन्डै तिन हजार पाँच सयभन्दा बढी कारोबारहरूमार्फत ४.५ बिलियन डलरको सहयोग उपलब्ध गराएको छ।

## सहवित्त

सहवित्त कार्यक्रमले सरकार वा सरकारी निकाय, बहुपक्षीय वित्तीय संस्था तथा व्यावसायिक संस्थाहरू जस्ता एडीबीका वित्तीय साझेदारहरूलाई एडिबीको लगानीका आयोजनाहरूमा लगानी गर्न सहभागी हुन सक्षम तुल्याउँछ। औपचारिक ऋण र अनुदान, प्राविधिक सहायता, अन्य सहुलियतपूर्ण लगानी र 'ख' वर्गको ऋण, जोखिम रूपान्तरण व्यवस्थापन, समानान्तर ऋण र सेयर, सहवित्त सुरक्षण तथा एडिबीको व्यापार लगानी कार्यक्रम (टिएफपी) र आपूर्ति शृङ्खला लगानी कार्यक्रम अन्तर्गतका कारोबारहरूका लागि सहवित्तीय लगानीका रूपमा अतिरिक्त रकम प्रदान गरिन्छ।

सन् १९७६ देखि सन् २०१७ को अन्त्यसम्ममा नेपालका ४७ लगानी आयोजनाहरूका लागि १.८७ बिलियन डलर मूल्य अभिवृद्धि प्रत्यक्ष सहवित्तीय सहयोग र ९० वटा प्राविधिक सहायता आयोजनाहरूका लागि ७७.७८ मिलियन डलर उपलब्ध गराइएको छ। नेपालमा मूल्य अभिवृद्धि व्यापारिक सहवित्तका तीन वटा लगानीका आयोजनाहरूको रकम ५७.३८ मिलियन अमेरिकी डलर रहेको छ।

सन् २०१७ मा नेपालले एउटा लगानीको आयोजनामा विश्व बैंकबाट १५० मिलियन डलरको सहवित्तीय ऋण र अस्ट्रेलिया, फिनल्यान्ड, जापान, नर्वे र संयुक्त राज्य अमेरिका सरकार तथा युरोपेली संघ, शिक्षाका लागि विश्व साझेदारी, रणनीतिक जलवायु कोष र संयुक्त राष्ट्रसंघीय बालकोषबाट तिन वटा आयोजनाहरूका लागि १९६ मिलियन डलर सहवित्तीय अनुदान प्राप्त गऱ्यो।

सन् २०१३ जनवरी १ देखि २०१७ डिसेम्बर ३१ सम्म सहवित्तीय लगानी भएका आयोजनाहरूको सारांश www.adb.org/countries/nepal/cofinancing. मा उपलब्ध छ।

## साझेदारी

एडिबी नेपाल सरकारका प्रमुख विकास साझेदारहरूमध्येको एक हो। नीतिगत संवाद प्रवर्द्धन र क्षेत्रगत विकासका प्राथमिकता (आयोजना कार्यान्वयनका चुनौतीहरूसमेत) मा छलफल गर्न एडिबीले सरकार र अन्य विकास साझेदारहरूसाथ राष्ट्रिय वार्षिक कार्यक्रम तर्जुमाका अभ्यासहरू सक्रिय रूपमा आयोजना गर्दछ।

एडिबी नेपाल आवासीय नियोग अन्तर्राष्ट्रिय विकास साझेदार समूहको एक महत्वपूर्ण सदस्य हो, त्यस समूहले प्रमुख बहुपक्षीय तथा द्विपक्षीय संस्थाहरूलाई एक बनाएको छ। आवासीय नियोगले अन्य विकास साझेदारहरूको क्षेत्रगत कार्य समूहमा पनि रहेर विशिष्ट नीति तथा कार्यक्रमहरूमा सूचना आदान प्रदान गर्ने काम गर्दछ।

एडिबी नेपालका विकास आयोजनाहरूको दक्षता र प्रभावकारिता अभिवृद्धि गर्न र सहायतालाई बढी प्रभावकारी बनाउनका लागि अग्रसर हुन सरकार र १३ वटा विकास साझेदारहरूबीच आयोजना हुने वार्षिक कार्यसम्पादन समीक्षामा मुख्य योगदानकर्ता रहेको छ। यस समीक्षाले प्राप्त सहायतालाई अझ बढी प्रभावकारी बनाउन पेरिस घोषणाका सिद्धान्तहरूलाई लागु गर्न नेपाललाई सहयोग गर्ने लक्ष्य लिएको छ।

## खरिद

एडिबीले आफ्ना विकासशील सदस्यहरूमा आयोजना र गतिविधिहरू सञ्चालन गर्न हरेक वर्ष ऋण, अनुदान र प्राविधिक सहायता उपलब्ध गराउँछ। यसका साथै वस्तु, काम र परामर्श सेवा खरिद गर्न ठेक्कामा अर्बौं डलर खर्च गर्दछ। अधिकांश ठेक्का अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका आधारमा प्रदान गरिन्छन्। त्यस्ता ठेक्का क्षेत्रीय वा सम्बन्धित क्षेत्रभन्दा फरकका एडिबीका कुनै पनि सदस्यहरूका लागि खुला हुन्छन्।

## एडिबीको खरिद ठेक्का सम्झौताको हिस्सा

### वस्तु, काम र सम्बद्ध सेवा

ऋण तथा अनुदान अन्तर्गत वस्तु, काम र सेवाको ठेक्का सम्झौताका लागि एसिया तथा प्रशान्त क्षेत्रमा सन् २०१६ मा ११.२८ बिलियन र सन् २०१७ मा १०.४३ बिलियन डलरको खरिद अनुबन्ध भएको छ। सन् १९६६ यता २११,३१६ ठेक्का सम्झौता समेट्दै १६९.१२ बिलियन डलरको कुल खरिद भएको छ।

नेपालमा पनि सन् १९६६ यता ठेकेदार र आपूर्तिकर्ताहरूलाई २.०३ बिलियन डलरका १०,४०१ ठेक्का प्रदान गरिएको छ।

### परामर्श सेवा

ऋण, अनुदान र प्राविधिक सहायता अन्तर्गत एसिया तथा प्रशान्त क्षेत्रमा सन् २०१६ मा ६२७.७९ मिलियन डलर र सन् २०१७ मा ७४१.८४ मिलियन डलरको परामर्श सेवा खरिद भएको छ। सन् १९६६ यता ५५,४२० ठेक्का सम्झौता समेट्दै १२.०२ बिलियन डलरको कुल खरिद भएको छ।

नेपालमा पनि सन् १९६६ यता २,०५७ ठेकेदार र आपूर्तिकर्ताहरूलाई १७०.४२ मिलियन डलर मूल्यको परामर्श सेवा दिइएको छ।

## कार्यगत चुनौती

आयोजना तर्जुमा तथा कार्यान्वयनमा सार्वजनिक निकायको कमजोर क्षमताले नेपालको विकासमा व्यावधान खडा गर्दछ। ठेकेदार, परामर्शदाता र आयोजनाका निकायहरूको क्षमता विकासमा आवश्यक पर्ने ठेक्का व्यवस्थापन एक चुनौती रहेको छ। प्रभावकारी रूपमा योजना गर्ने र क्षेत्रगत लगानी तथा दिगो सम्पत्ति व्यवस्थापन गर्ने सरकारी क्षमता अपर्याप्त छ। विकासमा

पूर्वाधारका अवरोध, अवरोधको निराकरण, बढ्दो समतामूलक शिक्षामा पहुँच, सुशासनको प्रवर्द्धन र सार्वजनिक क्षेत्रको अपर्याप्त व्यवस्थापन अन्य चुनौती रहेका छन् ।

विकट भौगोलिक अवस्थिति, अपर्याप्त पूर्वाधार, मानव पुँजीको अभाव र निजी क्षेत्रको लगानीका लागि अनुकूल वातावरणको अभावबाट नेपालको तीव्र र समावेशी आर्थिक वृद्धिमा अवरोध आएको छ ।

## भावी दिशा

सरकारी प्राथमिकताहरू अनुरूप एडिबीले पूर्वाधार निर्माण, मानव पुँजीको सिर्जना र कृषिमा रूपान्तरण गर्दै तीव्र र समावेशी वृद्धि हासिल गर्न नेपाललाई सहायता जारी राख्नेछ । एडिबीको सहायताको ठुलो हिस्सा यातायात, ऊर्जा उत्पादन तथा वितरण र सहरी सेवाका लागि पूर्वाधारमा जानेछ । एडिबीले आफ्नो विद्यालय सहायता (मुख्य रूपमा पूर्वाधार) तथा नेपालको सिप विकास आयोजना मार्फत मानव पुँजी सिर्जनामा सहयोग गर्नेछ । विकासलाई साँच्चिकै समावेशी बनाउन एडिबीले संस्थागत क्षमता विकास, लैङ्गिक समानताको प्रवर्द्धन र समाजिक समावेशीकरण गर्ने बारेमा ध्यान केन्द्रित गर्नेछ । एडिबीले कृषि तथा प्राकृतिक स्रोत र नेपालमा तुलनात्मक लाभका वस्तुको मूल्य शृङ्खला अभिवृद्धिमा सहयोग गर्दै कृषिका अरू बढी रणनीतिक कायूसूचीलाई अवलम्बन गर्नेछ ।

क्षेत्रगत योजना, आयोजना तर्जुमाको अवधिमा उच्चस्तरको तयारी, प्रभावकारी कार्यान्वयन र संस्थागत सम्पत्ति व्यवस्थापनमा चुस्त र प्रभावकारी संस्थागत क्षमता विकासका लागि एडिबीले नेपालमा काम जारी राख्नेछ ।

एडिबीले सन् २०१९ मा स्वीकृत गर्ने गरी नयाँ नेपाल सहायता रणनीति तर्जुमा कार्यको तयारी गरिरहेको छ ।

## नेपाल र एडिबीबारे जानकारी

**एडिबीको सदस्यता**

सन् १९६६ मा संलग्न

**सेयर सङ्ख्या र मतािधकार**

| | |
|---|---|
| सेयर सङ्ख्याः | १५,६०६ (कुल सेयरको ०.१४७ प्रतिशत) |
| मतः | ५५,२१३ (जम्मा सदस्यताको ०.४१६ प्रतिशत, जम्मा क्षेत्रीय सदस्यताको ०.६३९ प्रतिशत) |
| जारी पुँजीः | २२२.२५ मिलियन डलर |
| चुक्ता पुँजीः | ११.१२ मिलियन अमेरिकी डलर |

एडीबी सञ्चालक समितिमा **अनुअर बिन अरिफ्फिन**ले निर्देशक र **सोमलाल सुवेदी**ले वैकल्पिक निर्देशकको रूपमा नेपालको प्रतिनिधित्व गर्नुहुन्छ ।

**मुख्तर खामुद्खानोभ** नेपालका लागि एडिबीका निर्देशक हुनुहुन्छ । नेपाल आवासीय नियोग (एनआरएम) सन् १९८९ मा खुलेको थियो र यसले एडीबी, सरकार, निजी क्षेत्र र नागरिक समाजका सरोकारवालाहरूसँग आफ्ना गतिविधिहरूमा प्राथमिक कार्य सञ्चालनगत सम्बन्ध राख्दछ । आवासीय नियोग नीतिगत संवाद, राष्ट्रिय साझेदारी रणनीति तर्जुमा र कार्यक्रम निर्माण तथा कार्यसञ्चालन व्यवस्थापनमा संलग्न हुन्छ र नेपालमा विकासका मुद्दाहरूमा ज्ञानमा आधारित काम गर्दछ ।

नेपालमा एडिबीसम्बन्धी मामिला हेर्ने सरकारी निकाय अर्थ मन्त्रालय हो ।

## एसियाली विकास बैंकबारे

एडीबी ६७ सदस्य राष्ट्रहरूको स्वामित्व भएको बहुपक्षीय विकास बैंक हो । यसमा ४८ सदस्य राष्ट्र एसिया-प्रशान्त क्षेत्रका छन् भने १९ सदस्य विश्वका अन्य क्षेत्रका छन् । एडीबीले नीतिगत संवाद, ऋण, सेयर लगानी, सुरक्षण, अनुदान र प्राविधिक सहायताका माध्यमबाट विकासोन्मुख सदस्य राष्ट्रहरूलाई मद्दत गर्छ ।

सन् २०१७ मा प्राविधिक सहायता २००.५३ मिलियन डलर (२४६ आयोजनाहरू) र अनुदान सहायतासहित ५९७.४९ मिलियन डलर (२४ आयोजनाहरू) सहित एडिबीले १८.७२ बिलियन डलर (१११ आयोजनाहरू) मा ऋण लगानी गरेको थियो । यसबाहेक सरकारी ऋण, अनुदान र व्यापारिक सहवित्तीय लगानी जस्तो कि, 'ख' वर्गको ऋण, जोखिम हस्तान्तरण व्यवस्थापन, सुरक्षण सहवित्त, समानान्तर ऋण, समानान्तर सेयर र एडबीबीको व्यापार लगानी कार्यक्रम अन्तर्गत सहवित्तीय लगानीका रूपमा प्रत्यक्ष मूल्य अभिवृद्धि सहवित्तीय साझेदारी कार्यक्रममार्फत ११.९२ बिलियन डलर पनि लगानी गरिएको थियो ।

सन् २०१३ जनवरी १ देखि २०१७ डिसेम्बर ३१ सम्ममा एडिबीको वार्षिक औसत कर्जा १४.५५ बिलियन डलर पुगेको छ । यस अतिरिक्त सोही अवधिमा एडीबी र विशेष कोषको स्रोतहरूबाट उपलब्ध गराइएको लगानी अनुदान र प्राविधिक सहायता रकम औसत ६१७.७४ मिलियन डलर र प्राविधिक सहायता १६६.२८ मिलियन अमेरिकी डलर उपलब्ध गराइएको छ । सन् २०१७ डिसेम्बर ३१ सम्ममा सहवित्तीय सहयोगबाहेक ४४ देशमा २,९५५ आयोजनाका लागि २५५.१४ बिलियन डलर ऋण, ३२८ आयोजनाका लागि ८.३६ बिलियन डलर अनुदान र ४.२७ बिलियन डलरको प्राविधिक अनुदान सहायता, क्षेत्रीय प्राविधिक सहायतासमेत गरी प्रदान गरेको छ ।

## सम्पर्क


**नेपाल आवासीय नियोग**
मेट्रो पार्क बिल्डिङ, लाजिम्पाट, वडा नं. २
पो.ब.नं. ५०१७, काठमाडौं, नेपाल ।
टेलिफोनः +९७७ १ ४००५१२०
फ्याक्सः +९७७ १ ४००५१३७
adbnrm@adb.org
www.adb.org/Nepal

**एडिबी प्रधान कार्यालय**
६ एडिबी एभेन्यु, मान्डालुयोङ सिटी
१५५० मेट्रो मनिला, फिलिपिन्स ।
टेलिफोनः +६३ २ ६३२ ४४४४
फ्याक्सः +६३ २ ६३६ २४४४
www.adb.org

**अर्थ मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल ।
टेलिफोनः +९७७ १ ४२१ ११६१
फ्याक्सः +९७७ १ ४२१ ११६४
www.mof.gov.np


**एडिबीका उपयोगी वेबसाइटहरू :**

एसियाली विकास बैंक
**www.adb.org**

एसियाली विकास आउटलुक
**www.adb.org/publications/series/asian-development-outlook**

वार्षिक प्रतिवेदन
**www.adb.org/documents/series/adb-annual-reports**

प्रकाशन भण्डार
**www.adb.org/publications/depositories**

विकास र आर्थिक सूचकहरूको पूर्ण सूची पाउनका लागि हेर्नुहोस् :

तथ्याङ्क तथा डाटाबेस
www.adb.org/data/statistics

यस प्रकाशनमा "$" ले अमेरिकी डलरलाई बुझाउँछ । अन्यथा लेखिएकोमा बाहेक तथ्याङ्कहरू एडिबीद्वारा अनुमानित हुन् । अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक तथ्याङ्कहरू सन् २०१७ डिसेम्बर ३१ सम्मका हुन् । तथ्याङ्क पुस्तिका वार्षिक रूपमा अप्रिल महिनामा अद्यावधिक गरिन्छ ।